कालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रेडक्रसपथ, चितवन

बागमती प्रदेश, नेपाल


मिति:२०८२/०२/०७

च. नं.-२४६५

**कालिका नगरपालिकाको कार्यालयको ब्याक हो लोडर भाडामा लिने सम्वन्धमा सिलबन्दी दररेट पत्र पेशगर्ने सम्बन्धी सूचना।**

**(सूचना प्रकाशन मिति २०८२/०२/०७)**

प्रस्तुत विषयमा "कालिका नगरपालिकाको निर्माणजन्य खनिज पदार्थ दिगो व्यवस्थापन कार्यविधि – २०८१" को दफा (४) बमोजिम अनुगमन समिति को मिती २०८२/०२/०६ गतेको निर्णय अनुसार यस नगरपालिका कार्यालयलाई दिगो रुपमा नदीजन्य पदार्थ उत्खनन एवं लोडिङ गर्ने प्रयोजनका लागी कार्यालयको आवश्यकता अनुसार स्थान र समयमा प्रयोग गर्न **न्यनतम 49 HP क्षमताको ब्याक हो लोडर** भाडामा आवश्यक रहेको हुँदा नगरपालिका क्षेत्र भित्र कार्यालयले तोकेका मिति, समय र स्थानहरूमा मेसिन धनी स्वयंले नै ढुवानी तथा परिचालन गर्नेगरी, चालक, सह चालक, इन्धन, मोबिल, लुब्रिकेन्ट, मर्मत र सुरक्षा समेत स्वयंले ब्यहोर्ने गरी उत्खनन् गरी लोडिङ खर्च प्रती घन मिटर रु.११४/- (एक सय चौध मात्र) मा नबढ्ने (घटाघट प्रतिस्पर्ध बिधी अनुसार) गरी सूचनाको मितिले ७ (सात) दिन भित्र कालिका नगरपालिका कार्यालयमा देहाय बमोजिम कागजपत्र संलग्न गरी सिलबन्दी दररेट पत्र पेश गर्नुहुन सम्बन्धित फर्म वा व्यक्ति लाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजपत्रहरू**

क. हस्तलिखित निवेदन – १

ख. निवेदन दस्तुर रु ५००|०० (पाँचसय मात्र) जम्मा गरेको रसिद - १

ग. नवीकरण गरेको सवारी साधन दर्ता प्रमाण पत्रको प्रतिलिपि - १

घ. नवीकरण गरेको चालक अनुमतिपत्र प्रतिलिपि -१

ङ. फर्म दर्ता एंव नवीकरण भएको प्रमाणपत्र प्रतिलिपि- १

च. कर दर्ता र कर चुक्ताको प्रमाणपत्र प्रतिलिपि- १

छ. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि- १

२०८२/२/०६

(देवराज चौलागाई)

प्रमुख प्रशासकिय अधिकृत


फोन नं.: ०५६-४१३१३६, ४१३१३७

E-mail: kalikanagarpalika@gmail.com

Website: www.kalikamunchitwan.gov.np

www.kalikamun.gov.np